फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मकवानपुर

पत्र संख्या:- ०७८/७९ मिति:- २०७८/१०/१४
चलानी नम्बर:-

## सेवा सञ्चालन सम्बन्धी जिल्ला प्रशासन कार्यालय, मकवानपुरको सूचना ।

जिल्लाभित्र कोभिड-१९ संक्रमणको जोखिम कायमै रहेको सन्दर्भमा जनस्वास्थ्यका मापदण्डहरू पालना गरी सीमित कर्मचारीहरूबाट नागरिकहरूलाई अत्यावश्यक सेवा प्रदान गर्नको लागि मिति २०७८ माघ १६ गते आइतबारदेखि निम्नानुसारको व्यवस्था मिलाइएको हुँदा सोही बमोजिम गर्न, गराउन हुन सम्बन्धित सबैमा सुसूचित गरिन्छ ।

देहाय:-

१. कार्यालयको प्रवेशद्वार विहान ९:३० बजेपछि मात्र खुल्ने भएको हुनाले सो समयभन्दा अगाडि कार्यालय परिसरमा आई भिडभाड नगरिदिन हुन ।

२. कार्यालयमा सेवा लिन आउँदा अनिवार्य रूपमा खोप लगाई खोप कार्ड समेत लिई अन्य जनस्वास्थ्यका मापदण्डहरू पालना गरेर मात्र कार्यालयमा प्रवेश गरिदिन हुन ।

३. राहदानीको लागि **Live Enrollment** गर्न आउँदा अनिवार्य **Online Appointment** लिएर मात्र कागजातहरू सहित आउनु हुन ।

४. राष्ट्रिय परिचयपत्र बनाउन राहदानीको **Online Appointment** लिएका व्यक्तिहरू मात्र सो सम्बन्धी कागजातहरू सहित आउनु हुन ।

५. नयाँ नागरिकता, प्रतिलिपि नागरिकता लगायतका अन्य सेवाहरूको सन्दर्भमा अत्यावश्यक परेका व्यक्तिहरू मात्र आवश्यक कागजातहरू सहित सेवा लिन आउनु हुन ।

२०७८/१०/१४
बद्रीनाथ गैह्रे
सहायक प्रमुख जिल्ला अधिकारी